# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३१ | बुटवल | २०८२ साउन ३१ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday August 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## भैरहवामा रास्वपाको प्रदेशस्तरीय प्रशिक्षण

### 'प्रधानमन्त्रीबाट बोल्ने मञ्चको दुरुपयोग'




बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टीले रूपन्देहीको भैरहवामा लुम्बिनी प्रदेशस्तरीय दुई दिने प्रशिक्षण सुरु गरेको छ ।

पार्टीको लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा शुक्रबार र शनिबार चल्ने यो प्रशिक्षणलाई रूपन्देही-३ मा हुन गइरहेको उप-निर्वाचनसँग समेत जोडेर हेरिएको छ ।

प्रशिक्षणमा प्रदेशका पूर्वी रूकुम बाहेक ११ जिल्लाका जिल्ला समिति, क्षेत्रीय समिति, पालिका समिति, प्रदेश समिति र प्रदेश विभागका पदाधिकारी र सदस्य गरी तीन सय जनाभन्दा बढीको सहभागिता रहेको छ । प्रशिक्षणको पार्टीका कार्यवाहक सभापति डीपी अर्यालले उद्घाटन गरेका छन् । उद्घाटन गर्दै अर्यालले प्रदेशका १०९ वटै पालिकाको वडादेखि टोलसम्म संगठन विस्तार र प्रशिक्षण चलाउन निर्देशन दिएका छन् ।

प्रशिक्षणमा अर्यालसँगै उपसभापति स्वर्णिम वाग्ले, महामन्त्री कविन्द्र बुर्लाकोटी, केन्द्रीय प्रशिक्षण विभाग प्रमुख तथा सहमहान्त्री विपिनकुमार आचार्य, प्रवक्ता मनीष झा, पूर्व मन्त्री सुमना श्रेष्ठ र केन्द्रीय सदस्य तोषिमा कार्की, क्रान्तिशिखा धितालगायतले पार्टी सवलीकरण, रूपन्देही-३, को उप-निर्वाचन र सदस्यता वृद्धिलगायत विषयमा प्रशिक्षण दिनेछन् ।

प्रशिक्षण विभाग प्रमुख आचार्यका अनुसार पहिलो दिन पार्टीको अर्थ राजनीतिक धार र लुम्बिनी प्रदेशको आर्थिक विकासका आधार सम्बन्धमा उपसभापति डा. स्वर्णिम वाग्लेले, पार्टीले परिकल्पना गरेको सुशासन डेलिभरी सम्बन्धमा पूर्व मन्त्री सुमना श्रेष्ठले, पार्टी अभियानबारे प्रवक्ता मनिष झाले, उम्मेदवारीको पूर्व तयारीबारे डा. तोषिमा कार्कीले, मिडिया, सामाजिक सञ्जाल र पार्टीबारे क्रान्तिशिखा धितालले प्रशिक्षण दिने पार्टी प्रदेश समितिका उप-सभापति शालिकराम घिमिरेले जानकारी दिए ।

दोस्रो दिन शनिबार नेतृत्व, लिडरसीप एकेडेमी र उम्मेदवार छनोट विधिबारे सहमहामन्त्री विपिनकुमार आचार्यले, संगठन सवलीकरण र सुदृढिकरणबारे महामन्त्री कविन्द्र बुर्लाकोटीले, आर्थिक व्यवस्थापनबारे कोषाध्यक्ष लिमा अधिकारीले, प्रशिक्षणको अबको यात्राबारे केन्द्रीय प्रशिक्षण विभाग सचिव कमल सुवेदीले प्रशिक्षण दिने कार्यतालिका रहेको छ ।

प्रशिक्षणको बिचमा केन्द्रीय सदस्यहरू लक्ष्मी तिवारी र अर्जुन अधिकारी, प्रदेश सभापति देवराज पाठक, प्रदेश महामन्त्री निलराज अधिकारीलगायतले मन्तव्य राख्ने कार्यतालिका रहेको छ ।

प्रशिक्षणमा रूपन्देही-३ को उप-निर्वाचनका लागि प्रारम्भिक सूचीमा छनोट भएका नौ जना आकांक्षीलाई पनि सहभागी गराइएको छ ।

१७ कात्तिकमा हुने उप-निर्वाचनका लागि रास्वपाबाट उम्मेदवार बन्न सुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, डा. लेखजंग थापा, ज्ञानु पौडेल, जीतबहादुर गुप्ता, कुसुम महर्जन, रचना क्षेत्री, पुनम कुमारी अग्रवाल र मधुप्रसाद अर्यालले आवेदन दिएका छन् ।

**प्रधानमन्त्रीबाट बोल्ने मञ्चको दुरूपयोग : बुर्लाकोटी**

प्रशिक्षण उद्घाटन अघि पत्रकारसँग कुरा गर्दै पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री केपी शर्मा ओलीले आफू बोल्ने मञ्चको दुरूपयोग गरेको टिप्पणी गरेका छन् ।

बिहीबार संसदमा आफ्नो पार्टीका नेताहरूलाई लक्षित गरी दिएको अभिव्यक्तिप्रति इंगित गर्दै बुर्लाकोटीले मुलुकमा सुशासन कायम गर्न समय खर्चिनुपर्ने प्रधानमन्त्रीले विपक्षीको आलोचनामै आफू बोल्ने मञ्चको दुरूपयोग गरेको बताए ।

'प्रधानमन्त्रीले सुशासन कायम गर्न समय खर्चिनुपर्ने हो, तर संसद बैठकसहित उहाँ बोल्ने मञ्चहरू विपक्षीको आलोचनामै दुरूपयोग भइरहेको छ,' बुर्लाकोटीले भने-'प्रधानमन्त्री संसदमा बोल्दा कोरम नपुगेको बारे पत्रकारले प्रश्न गर्दा एमाले सांसदले मिडियालाई समाचार बनोस् भनेर कोरम नपुगेको भनेर नालायकी जवाफ दिनुभयो ।'

महामन्त्री बुर्लाकोटीले रूपन्देही ३ को उप-निर्वाचनमा स्वतन्त्र र वैकल्पिक शक्तिहरूसँग सहकार्य हुने दाबी गरे ।

काठमाडौं महानगरका मेयर बालेन शाहका कानुनी सल्लाहकार ओमप्रकाश अर्याल र खाद्य सल्लाहकार सन्तोष गिरीको उम्मेदवारीबारे बुर्लाकोटीले उनीहरू बालेन टिमको आधिकारिक उम्मेदवार नभएको मेयरको सचिवालयले आफूसँग बताएको दाबी गरे । 'समाचार आएपछि मैले बिहीबार साँझै बालेनको सचिवालयसँग कुरा गरें, कुराकानीमा उहाँहरू अफिसियल उम्मेदवार होइन भन्ने कुरा आयो ।'

# रूपन्देहीका अधिकांश कन्सल्टेन्सीहरू मापदण्डविपरीत

### जिल्ला प्रशासन कार्यालयले मापदण्ड पूरा गरी संस्था अद्यावधिक गर्न एकहप्ताको अल्टिमेटम दिएको छ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन ...)

प्र.जि.अ. ५७०१५९
ना. ५७१०५३
मु. ५७११५८
प्र. ५७३११५
प्र.जि.अ.नि. ५७०३७०

Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०८२/०८३
च.नं. :-

**शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण सञ्चालन गर्ने संस्थाहरुका सम्बन्धमा**
**अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा रुपन्देही जिल्लामा सञ्चालनमा रहेका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण गराउने संस्थाहरुबाट प्रशिक्षण र परामर्श गराउनुपर्नेमा केही संस्थाले प्रचलित कानूनले तोकेका कार्यहरु बाहेक Visa Process गर्ने, Job Gaurantee गर्ने, Travel Agency र सहकारी संस्थाहरुसँग मिलेमतो गरी नक्कली कागजात बनाउने, मेनपावरले गर्ने काम व्यक्तिगत/संस्थागत रुपमै गर्ने गरेको भन्ने समेतका गुनासा एवं उजुरीका सम्बन्धमा देहाय बमोजिमका विवरण अद्यावधिक गरी ७ (सात) दिनभित्र यस कार्यालयमा उपलब्ध गराउनु हुन सरोकारवाला सबैमा अनुरोध छ ।

तपसिल :-

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त इजाजत/अनुमती पत्र ।
२. व्यवसाय दर्ता सम्बन्धमा स्थानीय पालिकाको व्यवसाय दर्ता प्रमाणपत्र ।
३. प्रशिक्षकको योग्यता न्युनतम स्नातक पास गरेको हुनुपर्ने; भाषा (ILTS) पढाउनेको हकमा कम्तिमा ७ अंक ल्याएको हुनुपर्ने र भाषा प्रशिक्षकको कागजात र करार सम्झौता (N2, IELTS, TITI) ।
४. कम्तीमा स्नातक तह पास गरेको तालिम प्राप्त २ जना काउन्सीलरको व्यवस्था गरेको विवरण ।
५. कम्पनी दर्ता प्रमाण पत्र, PAN र VAT दर्ता प्रमाण पत्र सहित आन्तरिक राजश्व कार्यालयमा दर्ता गरेको विवरण (कर दाखिला कर चुक्ता र कर विवरण पेश गरेको समेत देखिने कागजातहरु) ।
६. अनुमती पत्र एवं व्यवसाय दर्ता प्रमाणपत्र नियमित नविकरण भएको प्रमाण ।
७. परामर्शदाता तथा अन्य प्रशासनिक कर्मचारीको (करार सम्झौता समेत) को विवरण ।
८. घर भाडा सम्झौता र दाखिला ।
९. विदेशी प्रशिक्षक रहेको भन्ने प्रचार प्रसार सामग्री समेत रहेकोमा श्रम स्वीकृती, राहदानी र भिषा म्याद भएको कागजातहरु ।
१०. शाखा सञ्चालनको अनुमती लिएको भए सो सम्बन्धी अनुमती पत्र ।

तोकिएको समयमा कागजात उपलब्ध गराउने वा मापदण्ड पुरा गरेको नपाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।

मिति २०८२/०४/३०

चिरन्जिवी राना
सहायक प्रमुख जिल्ला अधिकारी




**लुम्बिनी संवाददाता**

*भैरहवा*


रूपन्देहीका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्र (कन्सल्टेन्सी) हरूमध्ये अधिकांश सरकारले तोकेको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको पाइएको छ ।

रूपन्देहीमा दुई सय हाराहारी कन्सल्टेन्सीहरू सञ्चालनमा रहेका, तर अति कम संस्थाले मात्रै सरकारी मापदण्ड पूरा गरेको पाइएपछि जिल्ला प्रशासनले सबैलाई १० बुँदे मापदण्डको विवरण अद्यावधिक गरेर बुझाउन अत्यन्त जरूरी सूचना भन्दै एकहप्ते अल्टिमेटम दिएको छ ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेका अनुसार प्रारम्भिक अध्ययनमा जिल्लाका १६ वटा कन्सल्टेन्सीमात्र मापदण्ड पूरा गरी दर्ता भएर सञ्चालनमा छन् ।

कन्सल्टेन्सीहरूले प्रचलित कानुनले तोकेका कार्यहरू बाहेक भिसा प्रोसेस, जागिरको ग्यारेन्टी र ट्राभल एजेन्सी र सहकारीसँग मिलेमतो गरी नक्कली कागजात बनाउने, मेनपावरले गर्ने काम व्यक्तिगत र संस्थागत रूपमै गरेको उजुरी परेकाले विद्यार्थी र कामदार ठगिन नदिन मापदण्ड पूरा गर्नसूचना जारी गरिएको प्रजिअ डा. पाण्डेले बताए ।

नियमविपरीत चलेका कन्सल्टेन्सीहरूले विद्यार्थीलाई भ्रामक विज्ञापन गर्ने, झुठा आश्वासन बाँड्ने, स्कुल र कलेजमै पुगेर ब्रोसियर बाँड्ने, कलेजका स्कुल र कलेजका शिक्षकलाई विद्यार्थी पठाएवापत कमिसन दिने, विद्यार्थीबाट चर्को शुल्क लिएर अध्ययनका लागि विदेश पठाउन प्रेरित गरेको गुनासो आएको प्रजिअ पाण्डेले बताए ।

प्रशासनले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त इजाजत/अनुमती पत्र, व्यवसाय दर्ता सम्बन्धमा स्थानीय पालिकाको व्यवसाय दर्ता प्रमाणपत्र अद्यावधिक गर्न भनेको छ ।

यस्तै कन्सल्टेन्सीका प्रशिक्षकको योग्यता न्यूनतम स्नातक उत्तीर्ण गरेको हुनुपर्ने; भाषा (आइएलटिएस) पढाउनेको हकमा कम्तिमा ७ अंक ल्याएको हुनुपर्ने र भाषाप्रशिक्षकको कागजात र करार सम्झौता (एन टु, आइएलटीएस, टीआइटीआई) र कम्तीमा स्नातक तह पास गरेको तालिम प्राप्त २ जना काउन्सीलरको व्यवस्था गरेको विवरण उपलब्ध गराउन प्रशासनले भनेको छ ।

यस्तै कम्पनी दर्ता प्रमाण पत्र, पान र भ्याट दर्ता प्रमाण पत्रसहित आन्तरिक राजस्व कार्यालयमा दर्ता गरेको विवरण (कर दाखिला, करचुक्ता र कर विवरण पेश गरेको समेत देखिने कागजातहरू), अनुमति पत्र एवं व्यवसाय दर्ता प्रमाणपत्र नियमित नविकरणण भएको प्रमाण उपलब्ध गराउन प्रशासनले भनेको छ ।

यस्तै परामर्शदाता तथा अन्य प्रशासनिक कर्मचारीको (करार सम्झौता समेत) को विवरण, घर भाडा सम्झौता र दाखिला, विदेशी प्रशिक्षक रहेको हकमा उसको श्रम स्वीकृती, राहदानी र भिषा म्याद भएको कागजातहरू, र शाखा सञ्चालनको अनुमति लिएको भए सोसम्बन्धी अनुमति पत्रको विवरण अद्यावधिक गर्न प्रशासनले आग्रह गरेको छ ।

सरकारले तोकेका मापदण्डसहितको कागजात तोकिएको समयमा उपलब्ध गराउने वा मापदण्ड पूरा गरेको नपाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने प्रजिअ पाण्डेले बताए ।

'कन्सल्टेन्सीहरूले एकातिर सरकारले तोकेका मापदण्डहरू पूरा गरेका छैनन्, अर्कोतिर उनीहरूले लिने शुल्क पनि मनोमानी छ भन्ने गुनासा आएपछि मापदण्डभित्र ल्याएर व्यवस्थित र मर्यादित बनाउन एकहप्ते अल्टिमेटम दिएका हौं,'

प्रजिअ पाण्डेले भने-'हरेक क्षेत्रमा सुशासन र पारदर्शितासहितको सेवा प्रवाह गराउने प्रशासनको दायित्व हो ।' अब कन्सल्टेन्सीहरूले विद्यार्थीबाट लिने सेवा शुल्क वापत भ्याट बिल काटेर दिनुपर्ने प्रजिअ पाण्डेले बताए ।

# ३८ लाख लागतको सालझण्डी हाटबजार प्रयोगविहीन




**नरेश चौधरी**

*सैनामैना*


रूपन्देहीको सैनामैना १० पानबारीमा निर्माण भएको हाटबाजार प्रयोगविहीन बनेको छ । हाटबजारको भौतिक पूर्वाधार निर्माण सम्पन्न भएको चार वर्ष बितिसक्दासमेत सञ्चालनमा आउन नसक्दा हाटबजार प्रयोगविहिन बनेको हो । जसले राज्यको लाखौं लगानी नोक्सान हुने अवस्था सिर्जना भएको छ ।

३८ लाख रुपैयाँको लागतमा सो हाटबजार दुई चरणमा निर्माण सम्पन्न भएको थियो । सालझण्डीको हाटबजारमा १८ सेड, शौचालय निर्माण र सडक स्तरउन्नति गरिएको छ । व्यपारीहरूले चारैतर्फबाट व्यापार गर्न पाउने गरी सेड निर्माण गरिएको छ ।

पूर्व नगरप्रमुख चित्रबहादुर कार्कीको पालामा नगरपालिकाले अव्यवस्थित र परम्परागत रूपमा सञ्चालनमा रहेका हाटबजारलाई व्यवस्थित गर्दै आधुनिक हाटबजार बनाउने योजनाअनुसार सैनामैनाका तीन स्थानहरू मुर्गिया, रामापुर कलौनी र सालझण्डीमा हाटबजार निर्माण गरिएको थियो । मुर्गिया र कलौनीको हाटबजार सञ्चालनमा आएता पनि चार वर्ष बितिसक्दा समेत अहिलेका जनप्रतिनिधि र कर्मचारीहरू जिम्मेवार हुन नसक्दा सालझण्डीको हाटबजार भने सञ्चालनमा आउन सकेको छैन । लाखौं लगानीमा निर्माण भएको हाटबजार सञ्चालनमा आउन नसक्दा अहिले हाटबजार जंगलमा परिणत भएको छ । जसले निर्माण भएका सेड जीर्ण हुने अवस्थामा पुगेका छन् । सो स्थानमा नगरपालिकाले हाटबजार सञ्चालन गर्न नसक्दा र निर्माण भएका संरचनाहरूको हेरदेख गर्न नसक्दा राज्यको रकम खेर जाने स्थितिमा पुगेको छ ।

रात्रिकालिन हाटबजार, पार्क, सिमसार क्षेत्र, पोखरी, र खोला छेउमा पर्यटकीय स्थलका रूपमा विकास गर्ने गरी गुरुयोजना (डीपीआर) तयार भएको सैनामैना नगरपालिका योजना शाखा प्रमुख सुरज न्यौपाने बताउँछन् । जसका लागि एसियाली विकास बैंक (एडीबी)ले स्विकार समेत गरेको छ । हाटबजार सञ्चालनका लागि आवश्यक थप अन्य पूर्वाधारहरू विद्युत्, खानेपानी, बाउण्डरी, नाली, इन्टरलक टायल पेभिङ हाटबजार समिति बस्ने प्रशासनिक भवन निमार्णका लागि संघ प्रदेश र नगरपालिकाबाट बजेट नपरेकाले सो निर्माणकार्य अघि बढ्न नसकेको उनले बताए ।

निर्माण गरिएको हाटबजार राजमार्गदेखि करिब ३०० मटिर पश्चिममा रहेको छ । नयाँ हाटबजार बस्तीबाट एकान्तमा रहेकाले व्यपारीले त्यहाँ हाटबजार लगाउन नमानेको सैनामैना-१०का वडाध्यक्ष कृष्णप्रसाद घिमिरे बताउँछन् । राजमार्गदेखि हाटबजार पुग्न बाटो सिधा जोडिए पनि बस्तीतर्फबाट हाटबजार वारपार गर्न घुमाउँरो बाटो भएकाले समास्या भएको उनले बताए । 'हामीले सिधा बाटोका लागि पुल वा झोलुङ्गेपुल बनाउनका लागि माग गरिरहेका छौं, थप बजेट नभएकाले समास्या भएको छ ।'- उनले भने ।

एडीबीले प्रकृया अघि बढाएको अवस्थामा थप संरचना नगरपालिकाले निर्माण गर्न नसकेको वडाध्यक्ष घिमिरे बताउँछन् । 'एडीबीले गुरु योजना स्वीकार गरेको छ, हामीले नगरपालिकाको आन्तरिक स्रोतबाट हाटबजार सञ्चालनका लागि थप संरचना निर्माण गर्न सक्थ्यौं, तर यसो गर्दा एडीबीले लगानी गर्ने भनिसके पछि यो विश्वसनियताको समेत कुरा भएकाले पर्खेका हौं ।'-उनले भने ।

सालझण्डीको हाल सञ्चालनमा रहेको पुरानो हाटबाजर अहिले मुख्य राजमार्गकै छेउमा र भित्री बाटोमा सञ्चालन हुँदैआएको छ । जस्ले दुर्घटनाको जोखिम समेत बढाएको छ । अव्यवस्थित हाटबजारले नगरको शौन्दर्यतामा समेत असर पारेको छ । नयाँ हाटबजार निर्माण गरिएको चार वर्ष बितिसक्दा समेत सञ्चालनमा आउन नसक्दा र यसको हेरचाह हुन नसक्दा संरचना भित्रै बोटबिरूवा उम्रिएर झाडीमा परिणत भई जनप्रतिनिधि र कर्मचारीहरूलाई गिज्जाइ रहेको छ ।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ साउन ३१ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

जे देखिन्छ दृश्यमा सबै  समयको गास बन्नेछ
जत्ति  सुन्दर शरीर होस् त्यो पनि लास बन्नेछ
ढुसीझैँ ढुस्सिई बस्नेलाई कसरी सम्झाउनु खै
अहिले बाँचेको वर्तमान भोलि ईतिहास
बन्नेछ।

– रुद्र ज्ञवाली

# बर्तोल्त ब्रेख्तः बीसौं शताब्दीका महान कवि–नाटककार

*(सन् १८९८ फ्रेबुअरी १० मा जन्मिएका बर्तोल्त ब्रेख्त प्रसिद्ध जर्मन लेखक हुन्। उनको निधन सन् १९५६ अगष्ट १४ मा भएको थियो। 'लाइफ अफ ग्यालिलियो', 'द गुड पर्सन अफ सेजवान', 'मदर करेज एण्ड हर चिल्ड्रन' लगायत उनका चर्चित नाटक, कविता, लेखहरू प्रकाशित छन्। स्मृति दिवसको सन्दर्भमा ब्रेख्तबारेका परिचयात्मक लेख र ब्रेख्तको आलेख यहाँ प्रकाशित छन्।)*

**राजेन्द्र महर्जन**

के अँध्यारो समयमा पनि
गीतहरू गाइने छन् र ?
हो, गीतहरू गाइने छन्।
त्यसबेला अध्यारोकै बारेमा
गीतहरू गाइने छन्।

अँध्यारो समय र काला दिनहरूको विरोधमा गीत गाउदै हिंड्ने, दिन र रातका भयावह दृष्यहरूलाई रंगमञ्चमा उतार्ने र सुखद् भविष्यका कथाहरू सुनाउँदै हिंड्ने विश्वविख्यात लेखकको नाम हो- बर्तोल्त ब्रेख्त।

बीसौं शताब्दीको जर्मन भाषा, साहित्य र शैलीलाई बेस्कन प्रभावित पार्ने जर्मन साहित्यकारको प्रतीक हो- बर्तोल्त ब्रेख्त। उनले जति अरू कुनै पनि लेखक साहित्यकारले त्यति धेरै प्रभावित पार्न नसकेको दाबी गर्नेहरूको कुनै कमी छैन। उनले मूलतः कविता, कथा, नाटक, लेखे। साहित्यका सिद्धान्तहरूमाथि हस्तक्षेप गर्ने क्रममा सैद्धान्तिक लेखहरू लेखे। उनको सम्पूर्ण लेखनको मूल सरोकारको विषय थियो- मानिसहरूलाई अन्ध-विश्वासहरूबाट मुक्त पार्न सघाउ पुऱ्याउनु। मानिसहरूमा सन्देह, सवाल र आलोचनात्मकताको विकास गर्नु। समग्रमा भन्ने हो भने वैज्ञानिक समाजवादी चेतनाले लैश पार्नु।

उनी पटक पटक भन्ने गर्थे- 'आँखा चिम्लेर विश्वास गर्न छोड्नुस् र कुनै पनि कुरा स्वीकार्नुभन्दा अगाडि प्रश्न सोध्नुस्'। उनको मुख्य चिन्ता र चिन्तनको विषय थियो- स्थापित समाजको चिन्तन र रवैयालाई बदल्नु। स्थापित समाज, त्यसका प्रभुहरू र शासकहरूप्रति जनताको मनमा सन्देह र सवाल जन्माउनु उनको लेखनको अभीष्ट थियो। त्यसैले उनी भन्ने गर्थे- आफूलाई शासन गर्नेहरूप्रति शासित वर्गमा अविश्वास उत्पन्न हुनुभन्दा अर्को ठूलो सन्देह के हुनसक्दछ ?

स्थापित समाजको चिन्तन र दिशा फेर्नको लागि उनले आफ्नो कलमको धारले जर्मनीका हिटलरको फासीवाद र अमेरिकी साम्राज्यवादको विरूद्ध तीखो प्रहार गरेका थिए। त्यति मात्र होइन, उनले आफ्ना कविताहरूमा तथाकथित मार्क्सवादीहरू र कम्युनिष्टहरूको यान्त्रिक चिन्तन र कार्यशैलीमाथि पनि तीखो कटाक्ष गरेका थिए।



त्यसलाई उनी एक प्रतिवद्ध मार्क्सवादी रचनाकारद्वारा चलाइएको आन्तरिक संघर्षको रूपमा व्याख्या गर्दथे।

सचेत, आलोचक र विवेकशील मानवको निर्माणका लागि कविता, कथा, नाटकजस्ता 'सफ्टवेयरहरू'- को निर्माणमा क्रियाशील ब्रेख्तलाई स्थापित समाजका प्रभुहरूले कहिले पनि कायल पार्न सकेनन्। आफ्ना विचार र कर्मका कारण उनी नाजीहरूका कट्टर शत्रु भए। जब, हिटलर जर्मनीमा फासीवादको हतियारसहित सत्तासीन भए, तब सबैजसो लेखक, कलाकार र बैज्ञानिकहरू निर्वासित हुन विवश भए। ब्रेख्तले पनि आफ्नो देश छाडेर भाग्नु पर्यो, किनकि नाजी सैनिकहरूको 'हिटलिष्ट' मा उनको नम्वर पाँचौ स्थानमा थियो।

स्केण्डिनिभियाई देशहरूको लामो प्रवासपछि सन् १९४१ मा अमेरिका पुगेका ब्रेख्तले त्यहाँ पनि अमेरिकी फासीवादको सामना गर्नुपर्यो। १९४७ मा म्याकार्थीको नेतृत्वमा गठित अमेरिकाविरोधी गतिविधिसम्वन्धी हाउस कमिटी अगाडि उनले पनि अभियुक्तको रूपमा प्रस्तुत हुनुपर्यो। चार्ली च्याप्लीन लगायत हलिउडका दशजना सर्वश्रेष्ठ लेखक, कलाकार र निर्देशकहरूसमेत अमेरिकी फासीवादको शिकार भएको बेला प्रतिबद्ध मार्क्सवादी ब्रेख्त कहाँ बच्न सक्थे ! उनी पनि चार्ली च्याप्लीनजस्तै अमेरिका छाडेर यूरोपतिर बसाइँ सरे। त्यसपछि उनले स्वीजरल्याण्ड हुँदै जनवादी पूर्वी जर्मनीलाई आफ्नो वैचारिक र साहित्यिक कार्यथलो बनाए। सन् १९५६ मा बर्लिनमा दिवंगत भएका ब्रेख्तले कहिले पनि साहित्यसम्बन्धी परम्परागत सरकारी सिद्धान्तलाई आँखा चिम्लेर स्वीकार गरेनन्। त्यसैले पूर्वी जर्मनी र सोभियत संघका राजनीतिक र सांस्कृतिक नेताहरूबाट उनले कहिले पनि प्रशंसा पाउन सकेनन्। उनी प्रसिद्ध सोभियत लेखक म्याक्सिम गोर्कीको 'समाजवादी यथार्थावाद'लाई कलाको अन्तिम रूप मान्न तयार थिएनन्। उनलाई लागेको थियो- 'समाजवादी यथार्थवादमार्फत् समकालीन संसारको समग्रतालाई पूरै पक्रन गाह्रो छ।'

उनको यो नयाँ विचारलाई समाजवादी शिविरका राजनैतिक-सांस्कृतिक नेताहरूले सैद्धान्तिक विचलनका रूपमा व्याख्या गरेका थिए। ब्रेख्तले समाजवादी यथार्थवादलाई सम्पूर्ण रूपमा अस्वीकार गरेका भने थिएनन्, अन्यथा उनले गोर्कीको 'आमा' उपन्यासलाई नाट्य रूप दिने थिएनन्। यस्ता आलोचनाका बावजूद उनी आफ्नो सांस्कृतिक कर्ममा प्रतिबद्धताका साथ लागिरहे। उनी भन्ने गर्थे- बदलिँदो विश्वमा सिद्धान्तलाई पनि माझ्नु पर्दछ, फेर्नु पर्दछ, र नयाँ रूपमा उठाउनु जरूरीहुन्छ। यस्तो स्थितिमा नाटकहरूको रूपमा नयाँपन ल्याउनु र लेखनमा नयाँ नयाँ प्रयोगहरू गर्नु जरूरी हुन्छ।

उनी एउटा मानवीय, सुन्दर र स्वस्थ समाजका आकांक्षी लेखक- कलाकार थिए। त्यस्तो समाज, जहाँ कुनै एउटा अल्पसंख्यक वर्गको थिचोमिचो, प्रभुहरूको प्रभुत्व र कुनै एकल वीर नेतृत्वको आवश्यकता नहोओस्, सबै मानिसहरू विवेकशील, आलोचक र नेतृत्व गर्न सक्षम होऊन् भन्ने उनी चाहन्थे। 'ग्यालिलियोको जीवन' नामक महत्वपूर्ण नाटकमा उनले सचेत, संगठित, वीर मानिसहरूको देश र संसारको बारेमा लेखेका थिए। नाटकमा ग्यालिलियोका प्रिय छात्र आन्द्रेया भन्छन्- 'त्यो मुलुक अभागी देश हो, जहाँ नायकहरूको कमी छ।'

त्यसको जवाफमा ग्यालिलियो भन्छन्- 'अभागी देश भनेको त्यस्तो देश हो, जुन देशमा नायकहरूको आवश्यकता हुन्छ।'

सबै मानिसहरू वीर हुने, शक्तिशाली र सामर्थ्यवान हुने खालको समाजको स्थापनासम्बन्धी मीठो सपनालाई बीसौं शताब्दीका कुनै पनि हिटलर र म्याकार्थीहरूले मार्न सकेनन्। बीसौं शताब्दी भनेको त्यस्तो समय हो, जुनबेला रूख र जीवनको कविता लेख्नु र सुन्दर समाजको कल्पना गर्नुलाई समेत दण्डनीय अपराध ठानिन्थ्यो। बीसौं शताब्दीको अवशानपछि झुल्किएको एक्काइसौं शताब्दीको समय भनेको सुन्दर, स्वस्थ समाज कुँद्ने बेला हो। ब्रेख्तका कथा, कविता र नाटकहरूले उनको क्रियाशील जीवन र कर्मले सबै श्रमशील जीवनहरूलाई नयाँ प्रेरणा, नयाँ क्षितिज दिनसक्छन्, अँध्यारा रात र काला दिनहरूलाई विदा दिन, सुन्दर भविष्यको गीत गाउन ब्रेख्तले नयाँ धून, नयाँ ताल दिन सक्छन्। त्यसैले यतिखेर भन्नै पर्ने कुरा हो- ब्रेख्तलाई पढौं, गुनौं अनि उनबाट सिकौं।

(साभारः मूल्यांकन मासिक, २०५६ पुस अंकबाट)

लेख

# शार्क मानिस हुन्थे भने...

**बर्तोल्त ब्रेख्त**

घरपतिकी सानी छोरीले झकझलाई सोधिन् - "शार्क मानिस हुन्थे भने के उनीहरू साना माछाहरूसँग राम्रो व्यवहार गर्थे ?"

उनले भने - "पक्कै, शार्क मानिस हुन्थे भने उनीहरू साना माछाहरूका लागि समुद्रमा निकै ठूलो-ठूलो बाकस बनाउँथे। ती बाकसभित्र हर किसिमको खानेकुरा हुन्थ्यो, तरकारी र मासु दुवै। उनीहरू बाकसमा सफा पानी रहोस् भन्ने कुराको ख्याल गर्थे र सामान्यतया हरेक किसिमको सफाइको व्यवस्था गर्थे।

जस्तै, कुनै सानो माछाको पखेटा घाइते भए तुरुन्तै त्यसमा पट्टी बाँधिन्थ्यो, ताकि त्यो माछा नमरोस् र समयभन्दा पहिले शार्कले उसलाई गुमाउन नपरोस्। साना माछाहरू उदास नहोउन् भनेर समय-समयमा पानीमा ठूलो जमघट हुन्थ्यो; किनकि हर्षित मनका माछा उदास माछाभन्दा बढी स्वादिला हुन्छन्।

पक्कै, ठूला बाकसमा विद्यालय पनि हुन्थे। ती विद्यालयमा साना माछाहरूले शार्कको मुखभित्र कसरी पौडिन सकिन्छ भनेर सिक्थे। उनीहरूका लागि भूगोल जान्नु पनि जरुरी हुन्थ्यो, उनीहरूले कतै सुस्ताइरहेका ठूला शार्कहरूलाई फेला पार्न सकून्।

पक्का कुरा यो हो- मुख्य मुद्दा साना माछाहरूको नैतिक शिक्षा हुन्थ्यो। उनीहरूलाई कुनै सानो माछाले खुशीसाथ आफूलाई बलिदान गर्छ भने संसारमा सबैभन्दा राम्रो र निकै सुन्दर कुरा हुन्छ भन्ने कुरा सिकाइन्थ्यो। र यो पनि सिकाइन्थ्यो कि सबैले शार्कमाथि विश्वास गर्नै पर्छ, विशेषगरी जब शार्कले भन्छन् कि उनीहरू उनीहरूको आउने भोलि सुन्दर बनाउन लागेका छन्।

सानामाछाहरूलाई पढाइन्थ्यो कि उनीहरूको भोलि तब मात्र भरोसायोग्य हुनेछ, जब उनीहरूले आज्ञापालक हुन सिक्छन्। साना माछाहरूले सबै घटिया, सांसारिक, स्वार्थी र मार्क्सवादी प्रवृत्तिबाट सतर्क रहनु पर्थ्यो, र तिनीहरूमध्ये कसैले विश्वासघात गरेर यी कुरामा चासो देखायो भने तुरुन्त यसको जानकारी शार्कलाई दिनु पर्थ्यो।

शार्क मानिस हुन्थे भने पक्कै उनीहरू एक-अर्काविरुद्ध युद्ध छेड्थे, ताकि अरू माछा बाकसहरू र अरू साना माछाहरूलाई जित्न सकून्। युद्ध आफ्ना-आफ्ना साना माछाहरूको बलमा लडिन्थ्यो। उनीहरूले आफ्ना साना माछाहरूलाई सिकाउँथे कि उनीहरू र अरू शार्कका साना माछाहरूबिच ठूलो फरक छ। उनीहरूले घोषणा गर्थे कि सानो माछा चुप रहनका लागि प्रख्यात छ, तर उनीहरू एकदमै फरक भाषामा चुप छन् र त्यसैले एक-अर्कालाई बुझ्न उनीहरूका लागि असम्भव हुन्छ।

हरेक सानो माछा, जसले युद्धमा केही अन्य साना र आफ्नै भाषामा चुप माछाहरूको हत्या गर्थे, उसलाई समुद्री शैवाल टाँसिएको तक्मा दिइन्थ्यो र उसलाई साहसीको पदवीले सम्मान गरिन्थ्यो।

यदि शार्क मानिस हुन्थे भने पक्का पनि कलाकार हुन्थे। सुन्दर-सुन्दर चित्रहरू हुन्थे, जसमा शार्कका दाँतहरूलाई शानदार रंगहरूमा देखाइएको हुन्थ्यो र उनका जबडाहरूलाई जो-कोही गर्वका साथ हिँड्न सकिने साँच्चिकै रमाइलो बगैचाको रूपमा देखाइन्थ्यो। समुद्रको पिँधमा थिएटर हुन्थ्यो, जसमा देखाइन्थ्यो कि कसरी बहादुर सानो माछा जोशका साथ शार्कको मुखभित्र पौडिरहेको छ र संगीत यति सुन्दर हुन्थ्यो कि त्यसले आफ्ना सुरमा ताल मिलाउँथ्यो, अर्केस्ट्राले उसको हौसला बढाउँथ्यो र अत्यन्त रोचक कल्पनामा हराएको सानो माछा, सपनामा बग्दै, शार्कको मुखभित्र प्रवेश गर्थी।

शार्क मानिस हुन्थे भने एउटा धर्म पनि हुन्थ्यो। त्यसले सानो माछाको वास्तविक जीवन सही अर्थमा केवल शार्कको पेटभित्रै सुरु हुन्छ भनेर प्रचार पनि गर्थ्यो। यसका अतिरिक्त, शार्क मानिस हुन्थे भने सबै साना माछाहरूको समानता अन्त्य हुन्थ्यो, जस्तो अवस्था आजकल छ। केहीलाई विशेष पद दिइन्थ्यो र उनीहरूलाई अरू सबैभन्दा माथि स्थान दिइन्थ्यो। जो अलि ठूला हुन्थे, उनीहरूलाई आफ्नाभन्दा साना माछा खान अनुमति हुन्थ्यो। यसमा शार्कहरूको पूर्ण सहमति हुन्थ्यो, किनकि उनीहरूलाई पनि समय-समयमा अलि ठूलो टुक्रा खाने मौका मिल्थ्यो। र जो साना माछाहरू अलि ठूलो आकारका हुन्थे, उनीहरू आफ्नो पदमा बसेर अरू साना माछाहरूलाई नियन्त्रणमा राख्थे, उनीहरू शिक्षक, अफिसर, बाकस इञ्जिनियर आदि बन्थे।

छोटकरीमा भन्नुपर्दा, शार्क मानिस हुन्थे भने पहिलोपटक समुद्रभित्र सभ्यता भित्र्याइन्थ्यो।

कविता

# मेरो मायाको नयाँ संस्करण

**बैरागी काइँला**

धेरै अघि मेरो हजुर-
ताराको पथमा डुलाउँला
सपनाझैँ स्वर्गमा लैजाउँला
अमृतका कणकण पिलाएर
अमर इतिहासमा बनाउँला..
...यी प्रतिज्ञा मैले गरेको थिएँ।

ती सब भूल थिए कि
मेनाकाको यौवन दिलाउँला भनेको थिएँ !

तर, अब त यति ढुक्क हुन सक्छुः
कि म यस धरतीको मानिस
यहाँको गुलाबमा फुलेको मानिस,
हजुरलाई..........
सारी किनिदिनु सक्छु,
होटल लगी खुवाउनु सक्छु
चौरास्ताको बाटो ठुलाउन सक्छु,
सत्यवान भइदिन सक्छु, चरित्रवान् भइदिन सक्छु,
म हजुरलाई........
बाँचुञ्जेलसम्म माया गर्न सक्छु,

स्वर्गको उडानमा मैले
घरकै सिढी उक्लन बिर्सिएछु !
अमरत्वको भरममा मैले
झण्डै बाँच्न नै बिर्सिएछु !

मेरो धरतीलाई धेरै रुवाएछु !
मैले मानिसको हृदयको अपमान गरेछु
तर अब त यति ढुक्क भई भन्न सक्छुः
कि म यस धरतीको मानिस
यहाँको गुलाबमा फूलेको मानिस
हजुरलाई.........
कालिदासको शकुन्तला बनाउन सक्छु,
भरतझैँ विभूतिको आमा बनाउन सक्छु,
पराजय पनि स्वीकार गर्ने मानिस
माया पनि गर्ने मानिस
मानिस हुँ भइदिन सक्छु !
म हजुरलाई..........
बाँचुञ्जेलसम्म रक्षा गर्न सक्छु !
यसरी

पहिलेका भूल संशोधन गरी
मेरो कविताको भर्खरै प्रकाशित कितापजस्तो
यो हजुरको टेबलको फूलदानमा
बिहानै फेरेर राखेको नयाँ फूलजस्तो
मेरो मायाको नयाँ संस्करण
यी दुई आँखाका
ट्रेमा लिएर आएको छु !
जहाँ हजुरले मलाई
र मैले हजुरलाई
सधैँ-सधैँ पाएको छु !

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

चिन्तन

# कोही किन देश छोड्छ ?



रामचन्द्र श्रेष्ठ

जीविकोपार्जनको खोजीमा विदेश जानु नेपालीको लागि नौलौ कर्म होइन । धेरै विश्लेषक तथा लेखकहरूले वैदेशिक रोजगारीको प्रसंग आउना साथ बलभद्र कुँवरदेखिको 'लाहुरे' परम्पराको चर्चा गर्छन् । तर, सैन्य सेवाको लागि जाने लाहुरे परम्परा अर्थात् ब्रिटिस-भारतीय सेनामा भर्ती हुने परम्पराभन्दा पहिलादेखि नै अनौपचारिक श्रम क्षेत्रमा नेपालीहरू जाने गर्थे । पूर्वी भारतका कोइला खानी, दार्जिलिङको चिया बगान, विभिन्न भारतीय महानगरहरूका होटल, रेष्टुराँमा श्रमिक वा चल्तीको भाषामा भनिने कुल्ली र दरवान जस्ता अनौपचारिक क्षेत्रमा श्रम बेच्न जाने श्रमिकहरूको अध्ययन नेपाली आर्थिक इतिहास र सामाजिक शास्त्रहरूमा कमै पाइन्छ । श्रम प्रवासनको संकथनमा लाहुरे परम्परालाई जति जोडतोडका साथ प्रस्तुत गरिएको छ, त्यति अनौपचारिक क्षेत्रमा जाने इतिहासलाई अभिव्यक्त गरिएको पाइदैन । सम्भवतः लाहुरे परम्पराबारे लेखिएका दस्ताबेज र किताबहरू उल्लेखनीय हुनु र अनौपचारिक क्षेत्रमा जाने श्रमिकको बारेमा दस्ताबेजहरू कम हुनु पनि यसको कारण होला । अर्कोतर्फ, नेपाली अर्थतन्त्रमा सैन्य क्षेत्र (लाहुरे)ले गरेको योगदान अनौपचारिक क्षेत्रको भन्दा धेरै हुनुले पनि विश्लेषकहरूको ध्यान नपुगेको हुन सक्छ ।

लाहुरे परम्पराले सिर्जित कथा व्यथा विस्तृतममा प्रस्तुत गरिएका छन् । गोर्खा भर्तीबारे स्वयं अंग्रेजहरूको रचना पनि प्रशस्त छन् । र, नेपालमा यो भर्तीको विरोधको इतिहास पनि पाइन्छ । गोर्खा भर्तीको रूपमा बेलायती साम्राज्यको सेवाको विरोध १९९७ सालमा नेपाल प्रजा परिषद्द्वारा वितरित पहिलो पर्चामा पनि उल्लेख छ । लाहुरेको तुलनामा सामाजिक, सांस्कृतिक रूपमा गरिब अनौपचारिक क्षेत्रमा श्रम बेचेका श्रमिकहरूको कथा इतिहासको गर्तमा बिलिन छ । केही विश्लेषकहरूले पछिल्लो समय यसमा दृष्टि दिएका छन् । अनौपचारिक क्षेत्रमा श्रम प्रवासनलाई 'कुल्ली भर्ती' को उपमा दिँदै प्रा.डा. भीमप्रसाद सुवेदी निष्कर्ष निकाल्छन्–"समकालीन श्रम प्रवासनको प्रारम्भ 'कुल्ली भर्ती' व्यवस्था हो न कि आमरूपमा ठानिएको 'लाहुरे व्यवस्था' ।"

'कुल्ली भर्ती' होस् वा 'लाहुरे भर्ती' नेपाली श्रमशक्तिको प्रवासन नौलो घटना होइन । श्रमशक्तिको विनिमय भनेको बजारसँगको सम्पर्कमा मात्र सम्भव छ । तत्कालीन कठोर सामन्ती राज्यव्यवस्थाका कारण नेपालभित्र बजारको उदय हुन सकेन । देशभित्र अत्याधिक श्रम शोषण, झारालगायतका बिना ज्यालाका श्रम, अत्याधिक करजस्ता सामन्ती उत्पीडनका कारण नेपालीहरू जीविकोपार्जनकै लागि देश छोड्न विवश थिए । एकातर्फ राणा शासकहरूले उत्तर भारतका जमिनदारहरूलाई नेपालको तराईमा बस्ती बसाल्न र खेतीका लागि प्रोत्साहन गरिरहेका थिए भने नेपालकै पहाडी श्रमशक्ति भने भारतकै बजारमा पुगिरहेको थियो ।

पहाडी भागमा उच्च जनसंख्या आदि कारणले गर्दा नेपाली श्रमले बजार खोजिरहेको थियो । त्यतिबेला त्यो बजार बेलायती कम्पनी शासित भारत नै थियो । राणा शासनको शुरुवातबाट नै नेपाली शासकहरूले तराईमा बस्ती विस्तार गरेर समथर र उर्वर जमिनको उपयोग गर्न खोजेको देखिन्छ । जंगबहादुर राणाले पाँच वर्षसम्मको कर छुट गरेर तराईमा बस्ती विस्तार गर्न अभिप्रेरित गरेको देखिन्छ तर पनि पहाडबाट तराईमा भन्दा भारततिर नै रोजगारका लागि प्रवासनमा जाने दर बढी थियो ।

चैतन्य मिश्र पहिलो विश्वयुद्धपछि भारतमा बढ्दो औद्योगिकरण र बजार विस्तारले बढाएको श्रमको माग तथा नेपालको पहाडमा बढिरहेको सिमान्तीकरणका कारण नेपाली श्रमले भारतीय बजार रोजेको देखिन्छ । मिश्र लेख्छन्ः

"सन् १८९१ देखि १९३१ को अवधीमा नेपालबाट भारत सिक्किम जानेहरूको संख्या पाँच गुणाले वृद्धि भयो । पश्चिम बंगाल (दार्जिलिङ्ग र जलपाइगुडी)मा चियाखेती र आसाममा जंगल फडानीले ठूलो संख्यामा नेपाली आप्रवासीलाई आकर्षित गऱ्यो । त्यस्तै, सार्वजनिक र निजी सुरक्षा क्षेत्र तथा दैनिक ज्यालादारी श्रममा 'बहादुर'हरूको संख्या पनि यहीं अवधिमा विस्तारित भयो ।"

पहाडमा बढ्दो जनघनत्व पक्कै पनि प्रवासनको एउटा मुख्य कारण हो । तर, सरकारी प्रयासका बाबजुद पहाडबाट तराईमा बसाई सर्नुभन्दा भारतीय बजारमा जानुको पछाडिको कारण के हो ? के त्यसको कारण केवल औलो र गर्मीमात्र हो ? दुर्गाप्रसाद ओझाले विश्लेषण गरेका छन्ः

"मलेरियामात्र पहाडका मानिसलाई तराईमा ओर्लन रोक्ने कारण थिएन । सत्यकुरा के हो भने, पहाडी जनता देशमा रहेको अत्याधिक शोषणबाट भाग्न चाहन्थे । नेपालको पहाडबाट नेपालको तराईमा बसाइसराइ गर्दा उक्त शोषणबाट उम्कन सकिदैनथ्यो ।"

ओझाले गरेको विश्लेषणमा थप प्रष्ट हुन मार्क्सको श्रम सिद्धान्तमा पुग्नु पर्ने हुन्छ । मार्क्सको भाषामा सामन्ती उत्पादन सम्बन्धमा श्रम केही हदसम्म एक टुक्रा जमिन र जमिनदारसँग जकडिएको हुन्छ । अर्थात्, श्रम स्वतन्त्र हुँदैन । तत्कालीन समयको नेपालको भूमी व्यवस्था अनुसार रैतीहरूको नियति भनेको मोही किसान हुनु थियो । मोही किसान जमिनदारको जमिनमा बाँधिएको हुन्छ । उ दास जस्तो सम्पूर्ण रूपमा मालिकको सम्पत्ति नभएता पनि जमिनदारको जमिन गरि खाने भएकोले स्वतन्त्र हुँदैन । मार्क्सको भाषामा पूँजीवादमा मजदूर आफ्नो श्रम बेच्न स्वतन्त्र हुन्छ । त्यसैले पूँजीवादमा मजदूरले आफ्नो श्रमशक्ति जुनसुकै पूँजीपतिसँग बेच्न सक्छ ।

बजारमा श्रमशक्तिको उपलब्धताको आधारमा माग र पूर्तीको नियम अनुसार श्रमशक्तिको मूल्य निर्धारण हुन्छ । नेपाली पहाडका त्यतिबेलाका साधारण मानिसहरूको लागि जमिनदारको जमिनमा आश्रित मोही किसान हुनुभन्दा भारतमा फस्टाउँदै गएको श्रम बजारमा आफ्नो श्रमशक्ति बेच्नु तुलनात्मक हिसाबले धेरै लाभदायक र स्वतन्त्रताको अनुभुति थियो । यो मुख्यतः दुई कारणले थियो । एक त श्रमिकहरू सामन्ती सम्बन्धमा नभई तुलनात्मक रूपमा स्वतन्त्र पुँजिवादी श्रमसम्बन्धमा रहन्थे, अर्थात् श्रमको ज्याला पाइन्थ्यो । र, दोस्रो श्रमलाई नगदमा बेच्ने मौका यहाँ मिल्दथ्यो ।

यी सबै तथ्यहरूले के प्रष्ट पार्छन् भने नेपाली श्रम प्रवासनको शुरुवात 'लाहुरे परम्परा' भन्दा पनि 'कुल्ली परम्परा'बाट भएको हो । नेपाली श्रम प्रवासनको कारण जनसंख्याको बढ्दो चाप भन्दा पनि सामन्तवादी उत्पादन सम्बन्ध थियो । र, श्रम प्रवासन (कुल्ली र लाहुरे दुवै)मार्फत नै नेपालले विश्व पूँजीवादसँग सम्बन्ध राख्न सुरु गरेको हो ।

नेपालबाट हुने श्रम प्रवासनको एउटा मुख्य कारकको रूपमा बढ्दो जनसंख्यालाई लिने गरिएको छ । जनसांख्यिक तथ्यांकहरूले पनि यो धारणालाई पुष्टि गर्दछन् । वैज्ञानिक नमानिए पनि नेपालको पहिलो जनगणना सन् १९११ अनुसार नेपालको जनसंख्या ५६ लाख ३८ हजार ७ सय ४९ थियो । त्यसपछिका दुई जनगणनाहरू (सन् १९२० र सन् १९३०)मा नेपालको जनसंख्या घट्दो क्रममा थियो । यसको कारण विश्वयुद्धमा गोर्खाली सेनाको रूपमा सहभागी भएका नागरिकहरूको मृत्यु, संक्रामक रोगका कारण भएको मृत्यु, तिब्बतसँगको नेपालको युद्धको तयारीका कारण युद्धमा सहभागी हुनुपर्ने भयले तथ्यांक लुकाइनु, महिला, केटाकेटी, दास, आदिवासीको सही तथ्यांक गणना नहुनु आदिलाई मानिन्छ । १९४१/४२ को जनगणनाबाट नेपालको जनसंख्या बढ्दो क्रममा छ ।

सन् १९५२/५४ को जनगणनालाई पहिलो वैज्ञानिक जनगणनाको रूपमा लिइएको छ । उक्त जनगणना अनुसार नेपालको जनसंख्या ८२ लाख ५६ हजार थियो भने ६ दशकपछि सन् २०११ मा आइपुग्दा दुई करोड ६४ लाख ९४ हजार नेपालीको संख्या पुग्यो । यो बीचमा नेपालको अन्तरजनगणना अर्थात् जनसंख्या वृद्धिदर समान छैन । सन् १९५२/५४ मा वार्षिक जनसंख्या वृद्धिदर २.२७ प्रतिशत थियो भने त्यसपश्चातका जनगणनाहरू सन् १९६१, १९७१, १९८१, १९९१, २००१ र २०११ मा क्रमशः १.६५, २.०५, २.६२, २.०८, २.२५ र १.३५ प्रतिशत पुगेको छ । यो तथ्यांकले नेपालको जनसंख्या बढ्दो क्रममा भएको तर एकनासले नबढेको प्रष्ट पार्दछ ।

जनसंख्याको यो बनोटमा सक्रिय जनसंख्याको प्रतिशत भने बढ्दो क्रममा छ । १५ देखि ६४ उमेर समूहको प्रतिशत सन् १९९१, २००१ र २०११ मा क्रमशः ५४.१, ५६.५ र ५९.७ प्रतिशत छ । यसको तुलनामा आश्रित जनसंख्या (१५ वर्षमुनिका र ६५ माथिको जनसंख्या) को अनुपात घट्दो क्रममा छ । यो अनुपात सन् १९९१ मा ८४.७, २००१ मा ७७.२ र सन् २०११ मा ६७.२ प्रतिशत छ ।

जनसंख्याका यी तथ्यांकले नेपालमा श्रमशक्ति प्रशस्त बढेको देखाउँछ । श्रमशक्तिको वृद्धिको अनुपातमा स्वदेशमै रोजगारीको अवसर नबढ्दा नेपाली श्रमशक्ति प्रवासनमा जान बाध्य छ । जनसंख्या वृद्धि भएका कारणले होइन, त्यसअनुपातमा स्वदेशमै गतिलो रोजगारी नहुँदा श्रमिकका रूपमा विदेश जानेको संख्या बढेको हो ।

बढ्दो सक्रिय जनसंख्याको अनुपात र बेरोजगारी नेपाली श्रम पलायनको एउटा उल्लेखनीय कारण बनेको छ । 'नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन (२०१७/१८)का अनुसार श्रमशक्तिको ११.४ प्रतिशत बेरोजगारी दर छ । यो श्रमशक्ति रोजगारीको लागि भौतारिरहेको छ । प्रतिवेदन भन्छ काम खोजिरहेका मध्ये सबैभन्दा बढी १५ देखि २४ उमेर समूहका ३८.१ प्रतिशत छन् भने २५ देखि ३४ उमेर समूहका ३१.१ प्रतिशत छन् । देशको अविकास वा अल्पविकास नै व्यापक मात्रामा रोजगारी सिर्जना हुन नसक्नुको कारण हो । अविकासको एउटा मुख्य कारण भनेको समाजमा विद्यमान शोषण हो । २०४१ सालमा नै देवेन्द्रराज पाण्डेले लेखेका थिए– 'नेपालमा ६३ प्रतिशत गाउँले परिवार अर्धबेरोजगारीको अवस्थामा रहनुको कारण यिनको काम मेसिनले खोसेर होइन । यसका अरु नै दुई कारण छन् ः पहिलो, यसै पनि सीमित कृषियोग्य जग्गाको ठूलो भाग थोरै परिवारले ओगट्नु, दोस्रो, कृषिबाहेक अरु क्षेत्रमा रोजगारीको मौका सीमित रहनु ।"

प्रत्यक्ष औपनिवेशीकरण नभए पनि सुगौली सन्धिपश्चात् नेपाल बेलायती पूँजीको छायामा रह्यो । सामन्तवादी भूमि व्यवस्थाले नेपाली जनतालाई आफ्नै जमिनको मालिक बन्न दिएन जसको कारण कृषि उत्पादनको लाभबाट उनीहरू बञ्चित भए । राणा शासनमा, विशेष गरी चन्द्र शमशेरको शासनकालमा नेपालमा बेलायती पूँजीको प्रवेश सघन हुन थाल्यो । चन्द्र शमशेरले जागिर (राज्यलाई सेवा गरेबापत दिइने जमिन, विशेषगरी सेनालाई)को अन्त्यगरी नगद कारोबारलाई जोड दिए । जमिनको अभिलेखीकरण शुरु भयो । रैकरमा अभिलेखीकरण भएको जमिनको किनबेच पनि बढ्यो । त्यति नै बेला लगभग एक लाख मानिसहरू विश्वयुद्धबाट गाउँ फर्किए । उनीहरूले ल्याएको पैसाले नेपाली पहाडी गाउँमा एउटा तरंग सिर्जना गऱ्यो । सन् १९२३ को मैत्री सन्धीसँगै नेपालमा बेलायतीमात्र नभएर जापानी सामान पनि प्रशस्त आउन थाले । नेपालको ग्रामिण अर्थतन्त्रलाई सस्तो जापानी सामानको बाढीले ध्वस्त पाऱ्यो । विश्वयुद्धमा सहभागी भएर पूर्वलाहुरेहरूले ल्याएको नगद पनि जापानी सामानको खरीदसँगै विदेशियो । त्यस्तै घरेलु र कुटीर उद्योग पनि ध्वस्त भयो । लाहुरेहरूले युद्धबाट फर्कदाँ ल्याएको पैसाले किनेको जमिन पनि स्थानीय साहु तथा जमिनदारसँग बन्धकी राख्न तथा बेच्न बाध्य भए । यसले धेरै नेपालीलाई पुनः भारतको श्रमबजारमा पलायन हुन विवश पाऱ्यो । तर, वस्तु र नगदको कथा यत्तिमै सीमित हुँदैन । गुजारामुखी अर्थतन्त्र, सामन्ती भूमिप्रणाली, घरेलु उद्योगमा निर्भर नेपाली समाजमा पूँजी र औद्योगिक उत्पादनको छेलोखेलो गराउनुभन्दा बुद्धिमतापूर्वक भूमिको न्यायोचित वितरण, उद्योगधन्दाको विकास, शिक्षा र सीपमा पहुँच, युद्धबाट लाहुरेहरूले ल्याएको नगदलाई उत्पादनमुखी लगानीमा प्रयोग गर्ने नीति लिएको भए नेपालको अनुहार अर्कै हुने थियो । केही लेखकहरूले (उदाहरणका लागि सरदार भीमबहादुर पाँडे, त्यसबखतको नेपाल) चन्द्र शमशेरले रेल, यातायात (रोपवे), शिक्षा (त्रिचन्द्र कलेज)मा योगदान गरेको प्रशंसा गरेका पनि छन् । तर, समग्रमा हेर्ने हो भने रोपवे वा रेलको विस्तार पनि विदेशी सामानको नेपाली बजारमा प्रवेश गराउने उद्देश्य नै भएको थियो ।

इतिहासका कैयन तथ्य निर्माण गरिएका औपचारिक व्याख्या भन्दा फरक पनि हुन्छन् । जसरी अब्राहम लिंकनले संयुक्त राज्य अमेरिकामा दास प्रथा अन्त्य गरेको इतिहाससँग उत्तर र दक्षिणमा विभाजित भइरहेको अमेरिकालाई एक गराउन दक्षिणका दास मालिकहरूलाई दबाब दिनु र उत्तरमा बढ्दो औद्योगिकरणको लागि सस्तो श्रमिक उपलब्ध गराउनु थियो, त्यस्तै गरी चन्द्र शमशेरको दासमोचनको अर्को पाटो उत्तर भारतमा विस्तार हुँदै गरेको रेलमार्गको लागि सस्ता श्रमिक उपलब्ध गराउनु थियो । चन्द्र शमशेरको समयमा प्रगति उन्मुख नभई नेपाल विदेशी पूँजीको बजारमा विस्तार भएको हो । यसबाट चन्द्र शमशेरलाई के फाइदा भयो ? स्टीलरले विश्लेषण गरेका छन्ः

"चन्द्र शमशेरको सरकारले आयातित वस्तुमाथि भन्सार शुल्क लगाउँथ्यो । भन्सार संकलनको लागि ठेक्का दिइन्थ्यो । यसरी कर ठेक्का लिने महत्वपूर्ण परिवार पनि मोटाए । देशको ढुकुटी, खासमा प्रमको व्यक्तिगत खजाना पनि बढ्यो । ...२९ वर्ष शासन गरेर सन् १९२९ नोभेम्बर २९ मा निधन हुँदा चन्द्र शमशेरले आफ्ना छोराहरू तथा उत्तराधिकारीहरूलाई ४ करोड १० लाख पाउण्ड स्टैंलिङ नगद र प्रशस्त जमिन छोडेका थिए ।"

चन्द्र शमशेरको यो उदाहरण सामन्तवादीभन्दा पनि दलाल अर्थतन्त्रको उदाहरण हो । दलाल अर्थतन्त्रको कारण नेपालमा रोजगारी सिर्जना गर्ने औद्योगिक पूँजीको उत्पादन र पुनरुत्पादनको चक्र चल्न सकेन । जसको कारण बेरोजगारीको पुनरुत्पादन मात्र भयो । घनश्याम भुसालले विश्लेषण गरेका छन्ः

"हाम्रो जस्तो मुलुकको पूँजीवाद उत्पादक पूँजीवाद नभएर बाहिरबाट सामान ल्याएर यहाँ बेच्ने र नाफा गर्ने र फेरि अझ ठूलो परिमाणमा सामान झिकाउनेसम्म मात्रै सीमित रहेकोले यसले मालको बजार विस्तार गर्छ । तर श्रम बजारको विस्तार गर्दैन । केवल विदेशी कम्पनीका बजार प्रतिनिधिका रूपमा दलालीको नाफा कमाउँदै जान्छ । तसर्थ, हाम्रो जस्तो देशको पूँजीको पुनरुत्पादन भनेको दलाल पूँजीको पुनरुत्पादन हो, गरिबी र बेरोजगारीको पुनरुत्पादन हो ।"

यो बेरोजगारीको पुनरुत्पादनले अन्ततः विदेशी पूँजीलाई सस्तो श्रमिक उपलब्ध गराउँछ । देशबाट श्रमशक्ति खेदिन्छन् र विदेशी पूँजीको सेवा गर्छन् । यसरी देशको दलाल अर्थतन्त्रले बेरोजगारी मार्फत् सस्ता श्रमिक उत्पादन गरिरहेको छ । त्यसैले जनसांख्यिक बनोटमा सक्रिय उमेर समूहको घनत्व बढी हुनु नै श्रम प्रवासनको कारण होइन, बरु उक्त सक्रिय उमेर समूहको लागि देशमा रोजगारी सिर्जना गर्न अवरोध गर्ने दलाल अर्थतन्त्र वास्तविक कारक हो । देशबाट धकेलिएका श्रमशक्ति कसरी विदेशी पूँजीको लागि सुविधाजनक श्रमशक्ति हो भन्ने उदाहरण रश्मी उपाध्यायले मेघालयको जन्तिया पहाडमा अवस्थित कोइलाखानीमा काम गर्न जाने आप्रवासी नेपाली मजदुरहरूबारे गरेको मानवशास्त्रीय अध्ययनमा विस्तृत व्याख्या गरिएको छ । नेपाली श्रमशक्तिको उत्तरपूर्वी भारत आप्रवासनबारे रश्मीले लेखेकी छन्ः

"सम्भवतः उत्तरपूर्वी भारतभरि फैलिएको कुनै जाति वा समुदायमा नेपाली बाहेक अन्य छैन होला । गोर्खा सेनामा भर्ती हुनुका साथसाथै नेपाली जनसंख्याले औपनिवेशिक कालमा पनि श्रमिक र चिया बगानको कामदारको रूपमा श्रम गरेको छ । ...नेपालीहरू पशुपालन र दुग्ध उत्पादनका लागि बसाइ सरेको इतिहास छ र यसैअनुसार बेग्लै आर्थिक समुदाय, ग्वाला (दुधबेच्ने)को रूपमा उनीहरूको उदय भएको छ । १९ औं शताब्दीमा औपनिवेशिक हस्तक्षेपसँगै आसाममा निजी खानी उद्योगहरू शुरु भए । आसाम कम्पनी र चिया उद्योगको विस्तारसँगै सरकारको ध्यान आसामको कोइला खानीमा गयो । खानीको लागि त्यतिबेलाको सबभन्दा ठूलो समस्या श्रमिकको थियो । शुरुमा स्थानिय व्यक्तिहरूलाई खानीमा लगाइयो तर उनीहरू खानीमा डरलाग्दो काम गर्न डराए । त्यसैले कम्पनीले कोइला खानीमा मजदूरीको लागि गोर्खाहरूलाई लिन थाल्यो ।"

नेपाली बजारमा रोजगारीका सम्भावना नभटेका सक्रिय उमेर समूह अर्थात् नेपाली श्रमशक्ति अहिले भारतको कुल्लीबजार र कोइलाखानी मात्र नभएर खाडी मुलुकहरूको बहुराष्ट्रिय कम्पनीसम्म पुगेको छ ।

(श्रेष्ठको यो लेख यज्ञश सम्पादित 'परदेशको पसिना' किताबको अंश हो ।)

# सात वर्षदेखि अधुरै बृहत् लिफ्ट आयोजना



बागलुङ । बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले आम उपभोक्तालाई लिफ्टमार्फत् पानी वितरण गर्दा मासिक रु पाँच लाख विद्युत् महसुल तिर्दै आएको छ । अधुरो लिफ्ट आयोजनाबाट खानेपानीको सङ्कट टार्नका लागि पानी तान्दै आएको समितिले विद्युत् महसुलमा वार्षिक रु ६० लाख खर्चँदै आए पनि महसुल छुट सुविधाबाट वञ्चित भएको छ ।

आयोजना सम्पन्न नहुँदा गण्डकी प्रदेशले छुट दिने विद्युत् महसुलको लाभ लिन नसक्दा लाखौँ नोक्सानी व्यहोर्दै आएको बागलुङ नगरखानेपानी तथा उपभोक्ता संस्थाले जनाएको छ । निर्माण व्यवसायीले आयोजना सकेर हस्तान्तरण नगर्दा विद्युत् छुटको सम्झौता गर्न नसक्दा सङ्घीय र प्रदेशले प्रदान गर्ने महसुल छुटमा जान नसकिएको बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाका कार्यबाहक अध्यक्ष हरिबहादुर जिसीले जानकारी दिए ।

दुई वर्षमा सक्नेगरी २०७५ साल असार ३१ गते सम्झौता गरिएको बागलुङ नगर बृहत् खानेपानी लिफ्ट आयोजनाको ९५ प्रतिशत काम भए पनि खानेपानीलाई नयाँ संरचनाबाट वितरण गर्न अझै बाँकी छ । कन्काई जयमाता जेभीले २०७७ सालमा निर्माण सक्नेगरी रु ३० करोड २६ लाख ५१ हजार लागतमा ठेक्का सम्झौता भएको थियो । पछि आयोजनाको लागत रु चार करोड थपिए पनि निर्माण व्यवसायीले आयोजनालाई सम्पन्न गर्नतर्फ ध्यान नदिँदा लाखौँको विद्युत् महसुल भुक्तानी गर्न नगर खानेपानी बाध्य भएको जिसीको भनाइ छ ।

"गण्डकी प्रदेशको खानेपानी विद्युत् महसुल र सङ्घीय खानेपानीले समेत विद्युत् महसुलमा छुट दिने योजना ल्याएको छ, मासिक रु पाँच लाख महसुलमा केही छुट भए राहत मिल्ने थियो", जिसीले भने- "निर्माण व्यवसायीले ९५ प्रतिशत काम सके पनि रातामाटामा निर्माण गरिएको सात लाख लिटरको खानेपानी ट्याङ्कीमा पानी पुर्याइएको छैन, संस्थाले अस्थायी रूपमा लिफ्टको पानी पुरानै ट्याङ्कीमा राखेर वितरण गरिरहेका छौँ ।"

गण्डकी प्रदेश सरकारले लिफ्ट खानेपानी आयोजना विद्युत् महसुल अनुदान कार्यविधि, २०७९ अनुसार आयोजनाको विद्युत् बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले २५ प्रतिशत रकम छुट पाउने व्यवस्था छ । निर्माण व्यवसायीले काम सम्पन्न नगर्दा नगर खानेपानीले वार्षिक क्षति व्यहोर्दै आएको जिसीको भनाइ छ ।

वार्षिक ६० लाख विद्युत् महसुल तिर्दै आएको नगर खानेपानीले वार्षिक रु १५ लाख छुट पाउँदा राहत मिल्ने जिसीको भनाइ छ । बागलुङ बजारमा खानेपानीको चरम सङ्कट भएपछि आयोजना अन्तिम चरणमा रहँदै २०८१ साल जेठबाट दुईवटा मोटरबाट खानेपानी तानेर लोकमार्ग नजिकैको पुरानो ट्याङ्कीमार्फत् वितरण गरिँदै आइएको छ । ठूलो लिफ्ट आयोजनामा सङ्घीय सरकारले पनि महसुल छुट दिने योजना ल्याएको छ ।

आयोजनाको निर्माण व्यवसायीले निर्माण सम्पन्न गरे पनि लोकमार्गभन्दा माथि निर्माण गरेको नयाँ सात लाख लिटरका दुईवटा सङ्कलन ट्याङ्कीमा पानी खसाल्ने र गौडाकोट र रमेटार क्षेत्रमा वितरण गर्न बाँकी छ । बागलुङ नगरपालिका-३ स्थित काठेखोलाको पानी कैलामपोखरीबाट २५० मिटरमाथि रातामाटामा पुऱ्याउने गरी आयोजना अन्तिम चरणमा पुगे पनि सम्पन्न नहुँदा विद्युत् महसुलको भार नगर खानेपानीलाई परेको छ ।

खानेपानीको परीक्षण नै असफल भएपछि खानेपानीको पाइप नै खानेपानी तथा ढल व्यवस्थापन विभागले परिवर्तन गरेको थियो । निर्माण व्यवसायी कृष्णहरि चौलागाईंले आयोजना सम्पन्नमा ढिलाइ भएको स्वीकार गरे । उनले आयोजनास्थल भौगोलिक रूपमा कमजोर भएको, पहिरो व्यवस्थापमा ढिलाइ भएको, कोरोना त्रास, आर्थिक सङ्कट र पाइपलाइन डिजाइनको समस्या सुल्झाउनेलगायत कारण सम्पन्नतामा ढिलाइ भएको बताए । लिफ्ट आयोजनाले बागलुङ बजारमुनि रहेको काठेखोलाको पानी लिफ्टमार्फत् रातमाटामा तानेर शुद्धीकरण गरेर वितरण गर्नेगरी निर्माण भएको थियो ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**लटरम्म स्याउः**
मुस्ताङको घरपभोङ गाउँपालिका–४ जोमसोमस्थित स्थानीय तेज गुरुङ (ताङ्वे)को बगैँचामा लटरम्म फलेको स्याउ । पछिल्लो समय जलवायु परिवर्तनका कारण यहाँ स्याउ छिटो फल्न थालेको छ । तस्विर : सुन्दरकुमार थकाली/रासस

# एमसीसीविरुद्ध नेकपाको प्रदर्शन




बुटवल । अमेरिकी सरकारको एमसीसी परियोजना ठेक्का सम्झौताविरुद्ध नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाले शुक्रबार बुटवलमा विरोध प्रदर्शन गरेको छ ।

बुटवलकोपुरानो बसपार्कबाट सुरु भएको प्रदर्शन एमसीसीविरुद्ध नाराबाजी गर्दै पुष्पलालपार्कमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै संविधानसभा सदस्य समेत रहेका नेकपाका पोलिटब्युरो सदस्य विनोद सीले दक्षिण एशियालाई अमेरिकाले सैन्य कब्जामा राख्ने रणनीतिस्वरूप आएको एमसीसी परियोजना कुनै पनि हालतमा कार्यान्वयनमा जान दिन नहुने जिकिर गरे । 'अमेरिकाले नेपाललाई आधार बनाएर दक्षिण एसियामा सैन्य प्रभाव जमाउन चाहन्छ, त्यसैले यसलाई रोक्नुपर्छ ।'-उनले भने ।

नेकपाका केन्द्रीय सदस्य तथा रूपन्देही सेक्रेटरी बिरेन्द्र सीले नेपालको संविधान र नेपालको राष्ट्रिय स्वाधिनताभन्दा माथि हुने गरी एमसीसी लागू गर्न खोजिएकाले यसकाविरुद्ध संघर्ष गर्नुपरेको बताए । एमसीसी जबर्जस्ती लागू गरिए नेकपाले प्रतिकार गर्ने र त्यसको जिम्मेवार सरकार हुने उनले चेतावनी दिए । कोणसभामा नेकपाका पोलिटब्युरो सदस्य बसन्त सी, केन्द्रीय सदस्यहरू शरद सी, विश्वाश सीले एमसीसी परियोजनाविरुद्ध अन्य दलसँग पनि सहकार्य गरेर जाने बताए ।

# निवेदक नै प्रहरीको नियन्त्रणमा !

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

आँधीखोला गाउँपालिका १ हिले निवासी चन्द्रकुमारी गुरुङले जिल्ला प्रहरी कार्यालय स्याङ्जामा सुनका गर-गहना र नगद चोरी भएको भन्दै निवेदन दिइन् । साउन १६ गते उनले साढे ७ तोला सुनका गर-गहना र ४ हजार नगद चोरी भएको भन्दै खोजतलास गरिदिन माग गर्दै प्रहरी कार्यालयमा निवेदन दर्ता गरिन् । सोही प्रकृतिको फेदिखोला गाउँपालिका १ चारघरेकी देवीकुमारी गुरुङले पनि आफ्नै घरबाट सुनका गर-गहना चोरी भएको भन्दै प्रहरी कार्यालयमा साउन २७ गते निवेदन दिइन् ।

प्रहरीले दुवै निवेदनमाथि अनुसन्धान प्रक्रिया अगाडि बढायो । प्रहरीले चोरी भएका दुवै स्थान र वरिपरि अनुसन्धान थाल्दै गर्दा निवेदन दिने निवेदककै घरमा सुन फेला पारेपछि उनीहरु नियन्त्रणमा परे । आँधीखोला गाउँपालिकाकी चन्द्रकुमारी गुरुङलाई निवेदन दिएकै भोलीपल्ट अर्थात् साउन १७ गते र फेदिखोला गाउँपालिकाकी देवीकुमारी गुरुङलाई निवेदन दिएकै भोलीपल्ट अर्थात् साउन २९ गते नियन्त्रणमा लिन पुग्यो । प्रहरीले झुट्टा निवेदन दिएको आरोपमा चन्द्रकुमारी र उनीसँगै मिलेमतोमा संलग्न धनराज गुरुङ र फेदिखोलाकी देवीकुमारीलाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्न राज चौधरीका अनुसार चोरीको निवेदन दर्ता भएसँगै तत्काल खटिएको प्रहरी टोलीले अनुसन्धान गर्दा दुवै घरको ताला फुटाइएको कुनै प्रमाण नपाएको र हराएको भनिएका सुनमध्ये निवेदककै घरभित्र फेला पारेको जानकारी दिए ।

घरमै गर-गहना लुकाएर चोरी भएको भन्दै झुटो विवरण दिएकाले गुरुङहरुलाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाएको सूचना अधिकारी चौधरीले बताए । प्रहरीलाई नै झुट्टा निवेदन दिएर सुरक्षा चुनौतीमा सघाउ पुऱ्याउने काम गरेको बताइएको छ । सूचना अधिकारी चौधरीले आफ्नो हकपुग्ने सम्पत्ति चोरी भएको भनी झुट्टा निवेदन नगर्न र आफ्नो घरको साँचो बलियोसगँ लगाउन स्याङ्जा प्रहरीले आग्रह गरेको छ ।

चोरीका घट्नाहरु बढ्न थालेसँगै प्रहरीले विभिन्न क्षेत्रमा विशेष कार्ययोजना बनाएर अपरेसन गर्ने काम गरिएको छ । लागुऔषध ओसारपसारसँगै गाउँ-गाउँमा रहेका गाँजाका बोटहरु नष्ट गर्ने कार्यलाई तिब्रता दिएको छ ।

अपराधिक गतिविधिलाई बढ्न नदिन प्रहरीले चालेको विशेष कदमलाई स्याङ्जावासीले पनि प्रशंसा गरेका छन् । लागुऔषध सेवन गर्ने र चोरीसँगै अन्य अपराधिक क्रियाकलाप गर्न उद्धत हुनेहुँदा प्रहरीले विशेष टोली परिचालन गर्दै आएको छ ।

# पाल्पामा भदौ १ गते सार्वजनिक बिदा

पाल्पा । लुम्बिनी प्रदेश सरकारले आगामी भाद्र १ गते आइतबार पाल्पा जिल्लामा सार्वजनिक बिदा दिने भएको छ ।

प्रदेश मन्त्रिपरिषद्को २०८१ साल चैत १४ गतेको निर्णयअनुसार सो दिन पाल्पामा भगवती जात्रा मनाइने भएकाले बिदा दिने निर्णय गरिएको हो । नेपाल र इस्ट इन्डिया कम्पनीबिच विसं १८७१-७२ मा भएको युद्धमा नेपाली सेनाले विजय प्राप्त गरेको थियो । उक्त ऐतिहासिक विजयको स्मरणमा प्रत्येक वर्ष भाद्र कृष्ण नवमीका दिन तानसेनमा भव्य रूपमा भगवती जात्रा मनाउने गरिएको छ । उक्त दिन तानसेनस्थित रणउजेश्वरी भगवती मन्दिरमा भक्तजनको ठूलो भीड लाग्ने गर्छ ।

# भ्रष्टाचार रोक्दा ओलीसँग सम्बन्ध बिग्रियोः चित्रबहादुर




बुटवल । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले भ्रष्टाचार गर्न नदिएका कारण वर्तमान प्रधानमन्त्री केपी ओलीसँग सम्बन्ध बिग्रिएको बताएका छन् । आफू उप-प्रधान तथा सहकारी मन्त्री हुँदा मन्त्रालायमा हुने भ्रष्टाचार रोकेको र विभिन्न खालका चलखेलमा सहमती नजनाएका कारण केपी ओलीसँग सम्बन्ध चिसिएको बताए । उप-प्रधानमन्त्री हुँदा सहकारीका ठग र प्रधानमन्त्रीसँग लडाइ लड्नु परेको अध्यक्ष चित्रबहादुर केसीले सुनाए ।

भ्रष्टाचारविरुद्ध राष्ट्रिय जनमोर्चा रुपन्देहीले शुक्रबार बुटवलमा आयोजना गरेको कोणसभामा बोल्दै अध्यक्ष केसीले भ्रष्टाचार अपराध हो भन्दै उनले भने - 'यहाँ धेरैले अपराध गरेका छन्, निर्दोष जनात उठ्न ढिला भैसक्यो ।'

उनले सत्ता र शक्तिमा बस्नेहरुले भ्रष्टाचार गरेको उदाहरण दिँदै सांसद बन्दा पार्टी र नेताहरुलाई खुवाएको घुसको पैसा फिर्ता गर्नका लागि ठूला दलका सांसदहरु मरहेत्ते गरेर मन्त्री हुने र मन्त्री भएपछि ठूलो घुस खाने गरेको बताए ।

अध्यक्ष केसीले ठूलो दल बताउनेहरुले निष्ठाको राजनीति नगरेको बताउँदै राजनीतिलाई उद्योग बनाएर भ्रष्टाचार गर्ने गरेको आरोप लगाउँदै हाम्रो पार्टी राष्ट्रिय जनमोर्चामा घुस खानेहरु नेता र सदस्य बन्न नपाउने बताए । सत्ता र सरकारकै आडमा भ्रष्टाचार मौलाएको बताउँदै भ्रष्टाचार उन्मूलन गर्न जनता सचेत हुनुपर्ने अध्यक्ष केसीले उल्लेख गरे ।

संघीयता भित्रिएसँगै देशमा भ्रष्टाचार बढेकाले प्रदेश चलाउने पैसाले शिक्षा, स्वास्थ्य निःशुल्क गर्न सकिने भएकाले संघीयता खारेज गर्नुको अर्को विकल्प नभएको उनले बताए ।

नेकपा मसाल रुपन्देही प्रवक्ता लालचन पन्तले सरकारकै संरक्षणमा भ्रष्टाचार बढेको र सरकारले भ्रष्टाचारीहरुलाई संरक्षण दिएको आरोप लगाए । तलदेखि माथिसम्म राजनीतिक संरक्षणमा भ्रष्टाचार बढेको र सरकार मौन रहेको उनले बताए ।

राष्ट्रिय जनमोर्चाका नेता बद्रे आलमले नीतिगत भ्रष्टाचारले देश डुबेको बताउँदै सत्ता चलाउनेहरु नै भ्रष्टाचारमा संलग्न रहेको पुष्टि भएकाले जनताको बलमा भ्रष्टाचारविरुद्ध आन्दोलनमा उत्रनु पर्ने बताए ।

आगामी कार्तिक १७ गते रुपन्देही क्षेत्र नम्बर ३ मा हुने उपनिर्वाचनका उम्मेदवारसमेत रहेका नेता आलमले ठूला पार्टी मिलेर भ्रष्टाचार गरेको दाबी गर्दै संघीयताले भ्रष्टाचार बढाएको जनाए ।

जनताले निर्वाचनमा मत दिएर जिताएकै सांसद, मन्त्रीहरुबाट भ्रष्टाचार हुने गरेको उल्लेख गर्दै चुनावमा भोट दिँदा त्यो पार्टीको नीति, कार्यक्रम हेरेर मात्रै भोट दिन आग्रह गर्दै उनले राष्ट्रिय जनमोर्चा भ्रष्टाचार नगर्ने पार्टी भएकाले आगामी निर्वाचनमा राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरुलाई भोट दिन आग्रह गरे ।

राष्ट्रिय जनमोर्चा रुपन्देही अध्यक्ष टानबहादुर केसीको अध्यक्षता र सचिव कृष्ण पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

नेपालको हकमा संघीयता ठिक छैन भन्दै आएको राष्ट्रिय जनमोर्चाले संघीयता खारेज, एमसीसी खारेज र भ्रष्टाचारविरुद्धको अभियान चलाउँदै आएको राष्ट्रिय जनमोर्चाले केही दिन अघिदेखि पार्टीको केन्द्रीय कार्यक्रमअनुसार देशभर भ्रष्टाचारविरुद्ध अभियान चलाएको छ ।

# अन्तरजिल्ला सुरक्षा समितिको बैठक सम्पन्न



स्याङ्जा । दुई जिल्लाका सुरक्षा समितिको बैठक स्याङ्जाको गल्याङ १ मालुङ्गामा सम्पन्न भएको छ । स्याङ्जा र पाल्पाका सुरक्षा समितिका संयोजक प्रमुख जिल्ला अधिकारीसहित सदस्यहरुको सहभागितामा बैठक सम्पन्न भएको हो । स्याङ्जा गण्डकी प्रदेशमा र पाल्पा लुम्बिनी प्रदेशमा पर्ने जिल्ला हुन् । स्याङ्जा र पाल्पाको सिमानाका रहेका मालुङ्गामा दुई जिल्लाको सुरक्षा समितिबिच शान्ति सुरक्षा मजबुद बनाउने, नाकामा कडाइ गर्ने र कानुनविपरीतका अवैध गतिविधि रोक्ने मुख्य उद्देश्यले दुई जिल्लाको सुरक्षा समितिबिच छलफल भएको स्याङ्जाका सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याल जानकारी दिए ।

शान्ति सुरक्षा, अपराधिक क्रियाकलाप, लागुऔषध, अवैध गिट्टी बालुवा उत्खननलगायत अवैध सामग्री ओसारपसारका विषयमा गम्भीर रुपमा छलफल गरिएको स्याङ्जाका प्रजिअ अर्यालले बताए । दुई जिल्ला र दुई प्रदेशलाई जोड्ने राम्दीमा निर्माण हुन लागेको पुललाई समयमै सकाउन ठेकेदार कम्पनीलाई निर्देशन दिने काम समेत भएको बताइएको छ ।

विशेषगरी सुरक्षा समितिले नियमित गर्ने गृहकार्यसँगै उत्तरबाहिनी क्षेत्रमा हुन लागेको उत्तरगण्डकी महामेलाका विषयमा छलफल भएको छ । चाडवाडको बेला अनि दुई जिल्लाको सिमानामा हुन लागेको एक महिना लामो उत्तरगण्डकी महामेलामा हुन सक्ने सम्भावित घट्नाक्रमलाई ध्यानाकर्षण गरिएको बताइएको छ ।

धार्मिकोत्सव भएकाले छिमेकी मुलुकसँगै देशका भिपिआइपीहरुको समेत सहभागिता रहने विषयलाई मध्यनजर राखेर दुवै जिल्लाले आवश्यक सुरक्षा प्रवन्ध मिलाउने गरी अगाडि बढ्ने निर्णय भएको प्रजिअ अर्यालले बताए । उत्तरगण्डकी महामेलामा आउने भक्तजनहरुका लागि सडकको पूर्वाधार, गण्डकीको किनारमा स्नान गर्ने र स्वास्थ्य संमवेदनाका विषयमा आयोजक र सुरक्षा समितिबिच पनि समाधानका विषयमा छलफल भएको छ ।

उत्तरगण्डकी महामेला असोज २१ देखि कार्तिक १९ गतेसम्म उत्तरबाहिनी क्षेत्रमा आयोजना हुँदैछ । कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानको आयोजनामा उत्तर बाहिनी क्षेत्रमा हुन लागेको उत्तरगण्डकी महामेला महोत्सवमा नेपालसहित विभिन्न देशका धार्मिक गुरुहरुको सहभागिता रहने आयोजक समितिका संयोजक चैतन्य कृष्ण महाराजले जानकारी दिए ।

पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समितिका संयोजक तोयनारायण सुवेदी सहायक प्रजिअ ऋषिराम सुवेदीसहित नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरी प्रमुख, नेपाली सेना राष्ट्रिय अनुसन्धानका प्रमुखलगायत सुरक्षा समितिको बैठकमा सहभागिता रहेको थियो ।

यता स्याङ्जाबाट सुरक्षा समितिका संयोजक अर्यालसहित प्रहरी प्रमुख, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान, गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजारका प्रमुखसहित सुरक्षा समितिको सहभागिता रहेको थियो । बेला- बेलामा जिल्लाको सिमानासँग जोडिएका जिल्लाहरुबिच अन्तर जिल्ला सुरक्षा बैठक बस्ने प्रचलन छ । स्याङ्जाका पाल्पा, गुल्मी, पर्वत, कास्की र तनहुँ छिमेकी जिल्ला हुन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# बुटवलमा रोपाइँ जात्रा




बुटवल । सांस्कृतिक संरक्षणको अभियानमा सकृय अर्घाखाँची मरेङ-रूपन्देही सम्पर्क मञ्चको आयोजना तथा श्री नवदुर्गा मन्दिर समिति बुटवल ११ देवीनगरको सह-आयोजनामा साउन ३१ गते शनिबार दिउँसो श्रीकृष्ण जन्माष्ठमी, रोपाइँ जात्रा तथा तिज विशेष कार्यक्रमको तयारी गरिएको छ ।

मञ्चका अध्यक्ष दिनेश कुँवरले परम्परागत रुपमा मनाइने रोपाई जात्राका विभिन्न झलकहरुबारे नयाँ पुस्तालाई जानकारी दिनका लागि यसखालको कार्यक्रम गरिएको जनाए । उनले यो कार्यक्रममा यसका विविध पक्षलाई समेटिएकाले अवलोकन गरेर नयाँ पिँढीलाई पनि यसबारे जानकारी दिन आग्रह गरेका छन् । परम्परागत सांस्कृतिक संरक्षणमा सबैको साथ जरुरी भएको बताउँदै उनले आफ्नो अभियानमा साथ दिन अनुरोध गरेका छन् । सह-आयोजक संस्थाका अध्यक्ष अर्जुन कुँवरले देवीनगरमा सरायँलाई व्यवस्थित बनाएको र अब यसलाई पनि यसैगरी अघि बढाउन चाहेको बताए । शनिबार दिउँसो २ बजेदेखि हुने यो कार्यक्रमपछि यही स्थानमै तिज विशेष कार्यक्रम हुने आयोजक संस्थाले जनाएको छ ।

रोपाइँ जात्रामा सुरुवा कटालेले हाक हालेर यसबारे जानकारी दिने, त्यसपछि उल्टो हलोले जुवामा नारिएर जोत्ने र सँगै बाउसेहरुले सम्माउने अनि खोक लगाएर सम्माउने, सँगै रथयात्रा, मयूर नाच र भजनकिर्तनको टोली आफ्नो भेषमा गाउँदै जाने, त्यसपछि वालीको भाकामा रोपाहारहरुले हातमा धानको बिउ लिएर नाच्दै रोपेको अभिनय गर्ने, यसको साथमा शिवजीको भेषमा खरानी छर्केर एकजना हिंड्ने, रोपाहार अघि सिस्नो बोकेर बाटो खाली गराउँदै हिंड्ने, अनि बाँदरसहित विभिन्न खप्पर लगाएकाहरु नाच्दै, वरिपरिका सहभागीलाई जिस्काउँदै हिंड्ने, लाउरेलाउरेनीको अभिनयमा दुई जनाले रमाइलो देखाउने, सँगै घोडा अनि मयूर नाच पनि विशेष प्रकृतिले सजाएर नचाउने अनि अन्तिममा घोडा, मयुर र शिवजीलाई नचाउनेगरी यो जात्रामा धेरै कार्यक्रम समेटिएको मञ्चका पूर्वअध्यक्ष तथा सांस्कृतिक क्षेत्रमा कलम चलाउँदै आएका रामप्रसाद आचार्यले जानकारी दिए । यो कार्यक्रममा भगवती भजन मण्डलीको विशेष भजन, नवदुर्गा मन्दिरको विशेष रथयात्रा, सान्देली महिला समूह, फुल्लेल महिला समूह, मोतीपुर महिला समूह, क्षेत्री समाज, नेवा समाज तथा विभिन्न टोल समूहले रोपाइँ जात्रामा प्रदर्शन गर्नेगरी तयारी गरिएको उनले बताए ।

यो कार्यक्रममा करिब १ सय जनाभन्दा बढी प्रत्यक्षरुपमा कलाकार सहभागी हुनेगरी व्यवस्थापन गरिएको कार्यक्रम संयोजक नमराज सुवेदीले जनाए । कार्यक्रमलाई व्यवस्थित बनाउन सबै क्षेत्रमा अनुभव भएका कलाकारहरुलाई तयारी गरिएको कलाकार संयोजक रामबहादुर सुनारले बताए । यो कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेसहितका विशिष्ट व्यक्तिहरु आउने र औपचारिक कार्यक्रम लामो नगरी सिधैं रोपाइँकै कार्यक्रम अघि बढाइने आयोजकले जनाएका छन् ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com